**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - २८**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ असार २४ गते मंगलबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको अट्ठाईसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **अपरान्ह ४:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "आर्थिक विधेयक, २०७६ लाई दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "आर्थिक विधेयक, २०७६ लाई दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथि दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै उक्त विधेयकमा निर्धारित समयभित्र सुझाव सहितको कुनै पनि सूचना पेश नभएको व्यहोरा समेत जानकारी गराउनुभयो । तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकको छलफलमा भाग लिन चाहने माननीय जितेन्द्रनारायण देवलाई बोल्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "आर्थिक विधेयक, २०७६ लाई दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि २४ सम्म र सोसँग सम्बन्धित अनुसूची १ देखि ४ "आर्थिक विधेयक, २०७६ को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको निम्न व्यहोराको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

"प्रस्तावना : नेपाल सरकारको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐनको दफा १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, २०, २४, २५ र २७ तुरुन्त प्रारम्भ हुनेछन् र अन्य दफाहरू सम्वत् २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन् ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "आर्थिक विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई राष्ट्रिय सभा नियमावली, २०७५ (संशोधन सहित) को नियम १३२ को उपनियम (७) बमोजिम "आर्थिक विधेयक, २०७६ लाई मूल रूपमै (संशोधन विना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "राष्ट्र ऋण उठाउने विधेयक, २०७६ लाई दफावार छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "राष्ट्र ऋण उठाउने विधेयक, २०७६ लाई दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथि सदनमा दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै उक्त विधेयकमा निर्धारित समयभित्र सुझाव सहितको कुनै पनि सूचना पेश नभएको व्यहोरा समेत जानकारी गराउनुभयो । तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकको छलफलमा भाग लिन चाहने माननीय जितेन्द्रनारायण देवलाई बोल्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "राष्ट्र ऋण उठाउने विधेयक, २०७६ लाई दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको दफा २ लाई "राष्ट्र ऋण उठाउने विधेयक, २०७६ को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको निम्न व्यहोराको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

"प्रस्तावना : आर्थिक वर्ष २०७६/०७७ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउन वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "राष्ट्र ऋण उठाउने विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले अर्थमन्त्री डा. युवराज खतिवडालाई राष्ट्रिय सभा नियमावली, २०७५ (संशोधन सहित) को नियम १३२ को उपनियम (७) बमोजिम "राष्ट्र ऋण उठाउने विधेयक, २०७६ लाई मूल रूपमै (संशोधन विना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्तप्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६ लाई दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६ लाई दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव माथि सदनमा दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै उक्त विधेयकमा निर्धारित समयभित्र सुझाव सहितको कुनै पनि सूचना पेश नभएको व्यहोरा समेत जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६ लाई दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव माथि कुनै पनि माननीय सदस्यले छलफलमा भाग नलिनु भएकोले उक्त प्रस्ताव माथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको दफा २ लाई "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६ को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको निम्न व्यहोराको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

"प्रस्तावना : ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "ऋण तथा जमानत (तेईसौं संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई राष्ट्रिय सभा नियमावली, २०७५ (संशोधन सहित) को नियम १३२ को उपनियम (७) बमोजिम "ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक, २०७६ लाई मूल रुपमै (संशोधन विना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल साउन ३ गते शुक्रबार दिनको १:०० बजे बस्ने गरी अपरान्ह ४:३५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव